# आर्थिक वर्ष २०६५/६६ का लागि मार्टिन चौतारीको प्रतिवेदन

विविध विषयगत छलफल, पुस्तक प्रकाशन, पुस्तकालय र विभिन्न परियोजना/कार्यक्रमहरु अन्तर्गत मार्टिन चौतारीका कामहरु सञ्चालन भइरहेका छन् । आर्थिक वर्ष २०६५/६६ (२०६५ साउनदेखि २०६६ असार मसान्तसम्म) मा भएका कामहरुबारे यस प्रतिवेदनमा विस्तृत रुपमा तल उल्लेख गरिने छ ।

## १. चौतारी छलफल शृङ्खला

मार्टिन चौतारीको छलफल शृङ्खलाअन्तर्गत प्रत्येक आइतबार राजनीति वा अनुसन्धानका विषय, प्रत्येक मङ्गलबार विभिन्न समसामयिक विषयमा र प्रत्येक विहीबार मिडियासम्बन्धी छलफल हुन्छ । आर्थिक वर्ष २०६५/६६ मा मार्टिन चौतारीमा जम्मा १५४ ओटा छलफल भए । आइतबार, मंगलबार र बिहिबारको नियमित छलफल शृङ्खला बाहेक १४ वटा अतिरिक्त छलफल भए (छलफलको विषय र वक्ताबारे अनुसूचि मा हेर्नुहोस्) । यस वर्ष बिदा र बन्दका कारण १४ ओटा छलफल हुन सकेनन् । यसबाहेक हरेक शुक्रबार युवा अभियानले गर्दै आएको *युवा छलफल* २०६५ कात्तिकपछि बन्द भयो भने हरेक शनिबार बहुविधागत प्राज्ञिक दृष्टिकोण समूह (MAPS)ले गर्दै आएको *शास्त्रार्थ छलफल* पनि २०६५ दशैंपछि निरन्तर हुन सकेन । हरेक सोमबार पास नेपालले गर्दै आएको *समाज विज्ञानका छलफल* शृङ्खला यस आर्थिक वर्षमा नियमित भए । लसना कला समुहले संचालन गरेको कला छलफल प्रत्येक अन्तराष्ट्रिय महिनाको अन्तिम मंगलबार चलिरहेको छ । यस प्रतिवेदनमा चौतारी छलफल शृङ्खला अन्तर्गत भएका छलफलहरुको बारेमा मात्रै चर्चा गरिनेछ ।

### *आइतबारे*

यस आर्थिक वर्षमा जम्मा ४६ ओटा छलफल भए । बन्द र बिदाका कारण ५ ओटा छलफल हुन सकेन ( छलफलको विषय र वक्ताको विवरण अनुसूचि (१) मा हेर्नुहोस्) ।

### *मङ्गलबारे:*

यस आर्थिक वर्षमा जम्मा ४६ ओटा छलफल भए । बिदा र बन्दका कारण ७ ओटा छलफल हुन सकेन ( छलफलको विषय र वक्ताको विवरण अनुसूचि (२) मा हेर्नुहोस्) ।

### *बिहिबारे (मिडिया छलफल र फिल्म प्रदर्शन) :*

बिहिबार हुने मिडिया छलफल शृङ्खलाअन्तर्गत १५-१५ दिनमा छलफल र फिल्म प्रदर्शन हुने गरेको छ । यस आर्थिक वर्षमा विहिबारे छलफल शृङ्खलाअन्तर्गत जम्मा ४८ ओटा छलफल भए । जसमध्ये २७ ओटा छलफल र २१ ओटा फिल्म प्रदर्शन तथा छलफल भए । बन्द तथा बिदाका कारण ५ ओटा कार्यक्रम हुन सकेन (छलफलको विषय र वक्ताको विवरण अनुसूचि (३) मा हेर्नुहोस्) ।

### अतिरीक्त छलफल

यस वर्ष १४ ओटा अतिरीक्त छलफल भए । छलफलको विषय र वक्ताको विवरण अनुसूचि (४) मा हेर्नुहोस्) ।

चौतारी छलफल सञ्चालनको यस वर्ष २००९को जनवरी सम्म कृष्ण अधिकारीले जिम्मा लिइएकोमा फेब्रुवरीदेखि जुन सम्म कैलाश राईले जिम्मा लिनुभयो । जुलाई देखि भने सबै छलफल संगीता पाण्डेले हेर्नुहुनेछ । संगीता पाण्डेले प्रत्येक अन्तराष्ट्रिय महिनाको पहिलो आइतबार हुने साहित्य छलफल गत वर्षदेखि नै संचालन गर्दै आउनु भएको छ ।

केही समय अघिदेखि नै चौतारी छलफलमा महिला वक्ता र सहभागिता कम भइरहेको कुराप्रति पनि चौतारीको ध्यान आकर्षित भएको थियो । उनीहरूको सङ्ख्या/उपस्थिति बढाउन र प्रोत्साहन गर्नको लागि केही पहल पनि भएको हो । महिलाका विषय र वक्तालाई प्रोत्साहन गर्न गतवर्ष देखि शुरु गरीएको मार्च महिनाभरीको छलफलमा महिला वक्ता र सहभागिता बढाउन गरीएको प्रयास यस वर्ष पनि निरन्तर रहयो । पास नेपालले संचालन गरेको पास नेपाल सिरीज भने चलिरहेको छ ।

२) **पुस्तक प्रकाशन**
यस आर्थिक वर्षमा मार्टिन चौतारी पुस्तक शृङ्खलाअन्तर्गत जम्मा ९ वटा पुस्तक प्रकाशीत भए । प्रकाशित भएका पुस्तकहरुको नामः

१) *Changing Livelihoods: Essays on Nepali's Development since 1990 (2008) (45, Jagannath Adhikari)*

२) *Food Crisis in Karnali : A Historical and Politico -economic Perspective (2008) (46, Jagannath Adhikari)*

*३) माओवादी सङ्घर्ष :शान्तिपूर्ण रुपान्तरण* ( सन् २००८ ४७ , भास्कर गौतम र चिरन मानन्धर, सं.)

४) *स्वतन्त्र रेडियोको एक दशक : विकास बहस र सामाजिक सरोकार* (सन् २००८ ४८, देवराज हुमागाई, प्रत्यूष वन्त र कोमल भट्ट , सं.)

५) *राज्य पुनर्सरचना : राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण* (सन् २००८, ४९, कृष्ण खनाल, झलक सुवेदी र मुक्त सिंह तामाङ )

६) *नेपाली टेलिभिजन : अभ्यास, अनुभूति र विश्लेषण* ( सन् २००८, ५०, दीपा गौतम र शेखर पराजुली, सं.)

७) *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* (सन् २००९, ५१, देवराज हुमागाई, कोमल भट्ट र हर्षमान महर्जन, सं.)

८) *जैविक विविधता र जनजीवीका* (सन् २००९, ५२, हरि प्रसाद ढुङ्गाना, जगन्नाथ अधिकारी र शरद घिमिरे, सं )

९) *मिडिया अध्ययन ४* (५३, शेखर पराजुली, प्रत्यूष वन्त र देवराज हुमागाई, सं.)

यसै गरी *Studies in Nepali History and Society* का Vol १२(२) र १३ (१) का दुई अंक मार्टिन चौतारी समेतको संलग्नतामा तयार गरी मण्डला बुक प्वाइन्टबाट प्रकाशीत भए । शान्तिको लागि साझा अभियान, नेपाल दक्षिण एसिया केन्द्र, एड्भोकेसी फोरम, सामुदायिक विकास सङ्गठन, जागरण मिडिया सेन्टर र मार्टिन चौतारीको संयुक्त प्रकाशन समाज विज्ञानसम्बन्धी अर्धवार्षिक जर्नल *रुपान्तरण: समाज अध्ययन* यस आर्थिक वर्षमा प्रकाशित हुन सकेन । प्रकाशक समुहको सुस्सताको कारण चौतारी प्रकाशक समुहबाट अलग्गिएको छ । मार्टिन चौतारीमा सञ्चालन भइरहेका विभिन्न परियोजना अन्तर्गत यी पुस्तकहरू प्रकाशित गरिएको हो । यसबारेमा पछिल्ला खण्डमा थप चर्चा गरिनेछ ।

३) मार्टिन चौतारी पुस्तकालय

मार्टिन चौतारी पुस्तकालयमा २०६६ असारसम्ममा जम्मा १२७८० वटा पुस्तकहरु छन् । पुस्तकबाहेक थेसिस, अप्रकाशित प्रतिवेदनहरु पनि छन् । मिडियासम्बन्धी सामग्रीलाई व्यवस्थित बनाएर राख्नका लागि डानिडाबाट आर्थिक सहयोग प्राप्त भएकोले तुलनात्मक रुपमा मिडियासम्बन्धी सामग्री धेरै छन् । हाम्रो संकलनमा मिडियाका पुस्तकहरु २४९३ (नेपाली-विदेशी गरी) छन् । नेपाली मिडियाबारे अप्रकाशित प्रतिवेदनहरु १६८ कार्यपत्रहरू २३५ र शोधपत्रहरु १२९ छन् । यी बाहेक अन्य पुस्तकहरुमा राजनीतिशास्त्र, लैङ्गिकता, वातावरण, इतिहास, धर्म, स्वास्थ्य, अर्थशास्त्र, साहित्य आदि विषयका पुस्तकहरु रहेका छन् ।

पुस्तकालयमा रहेका पुस्तकहरुमध्ये २०६५ साउन १ देखि २०६६ असार मसान्तसम्ममा जम्मा १७५५ वटा पुस्तकहरु थपिएका छन् । यीमध्ये १६२५ वटा मात्र किनिएका र बाँकी १५० वटा पुस्तकहरु उपहारस्वरुप चौतारी डकुमेन्टेसन सेन्टरलाई प्राप्त भएका हुन् । यो साल पनि फुटकर आर्टिकलहरूको डेटाबेस बनाउन सकिएन । लामो समयदेखि रोकिएको न्युज क्लिपिङ्सको कार्य गर्नको लागि २०६५ साल माघ देखि २०६६ बैशाखसम्म अर्जुन पन्थी र रेणुका श्रेष्ठलाई नियुक्त गरियो । कामको चाप हेरी उनीहरुलाई २०६६ साउनसम्मको लागि थप काम गर्न राखिएको छ । २०६६ साल वैशाख देखि प्रेस काउन्सिल नेपालबाट नियमित रुपमा न्यूज क्लिपिङ्स ल्याउने निर्णय भए अनुसार क्लिपिङ्स ल्याउने काम भएको छ ।

चौतारी पुस्तकालयमा पुस्तक र पत्रपत्रिकाका लागि ठाउँ अभाव खड्किरहेको बेलामा नयाँ भवन बनाउने निर्णय गरियो । पुस्तकको बढ्दो चाप यथावत छ । उपयोगकर्ताको चाप बढ्नुका साथै शान्तपूर्वक बसेर पढ्नलाई हालको अध्ययन कक्ष उपयुक्त नभएको ठहर गरी नयाँ अध्ययन कक्ष (४० फिट लम्बाइ, १७ फिट चौडाइ) बनाइएको छ । चौतारी कार्यालय परिसरमै रहेको टहरा पनि घरधनीलाई भनेर खाली गराइएको छ जहाँ अब पुराना पत्रिका राख्न सकिनेछ । पूर्व अध्ययन कक्ष खाली हुने र पत्रिका राखेको खण्ड पनि खाली हुने भएकाले स्थान अभावको समस्या केही समयलाई टरेको छ ।त्यसैगरि २०६५ साल फागुन देखि लाइब्रेरीमा एक महिना इर्न्टनसिप गर्नको लागि राजविराजबाट रचना यादव आउनु भएको थियो र उहाँलाई एक महिनासम्म लाइब्रेरी व्यवस्थापन सम्बन्धी तालिम दिइयो ।

**४) वातावरणीय न्याय कार्यक्रम**

फोर्ड फाउण्डेशनद्वारा सहयोग प्राप्त वातावरणीय न्याय कार्यक्रमका सम्पूर्ण गतिविधिहरु गत आर्थिक वर्ष (२०६३/६४)मै पुरा भैसकेका हुन् । यस आर्थिक वर्षको लागि बाँकि रहेको जैविक विविधताबारेको पुस्तक यसै वर्ष प्रकाशीत भयो ।

**५) मिडिया अनुसन्धान कार्यक्रम**

मिडिया स्रोत सामग्री केन्द्र (चौतारी पुस्तकालय) मा पूर्ववत गतिविधिले डानिडा हुगोको आर्थिक सहयोगमा यस वर्ष पनि निरन्तरता पायो । चौतारी स्रोत सामग्री केन्द्रमा कार्यपत्र र प्रकाशित अनुसन्धानमूलक तथा विश्लेषणात्मक लेख, शोध ग्रन्थ र अप्रकाशित प्रतिवेदन, पुस्तकहरु सङ्कलन गर्ने काम गरियो । संकलित सामग्रीको व्यवस्थापन पनि गरियो । पुस्तकालयबारे थप चर्चा मार्टिन चौतारी पुस्तकालय उपशीर्षकमा अगाडि नै गरिएको छ ।

मिडिया अनुसन्धान कार्यक्रमअन्तर्गत देवराज हुमागाईं, प्रत्यूष वन्त र कोमल भट्टद्वारा सम्पादित *स्वतन्त्र रेडियोको एक दशक : विकास, बहस र सामाजिक सरोकार* यस आर्थिक वर्षमा प्रकाशित भयो । दीपा गौतम र शेखर पराजुलीद्वारा सम्पादित पुस्तक *नेपाली टेलिभिजनः अभ्यास, अनुभूति र विश्लेषण* पनि यसै वर्ष प्रकाशित भयो । देवराज हुमागाई, कोमल भट्ट र हर्षमान महर्जनद्वारा लिखित अर्को पुस्तक *रेडियो नेटवर्कः अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* पनि प्रकाशित भयो । विभिन्न पत्रपत्रिकामा यी पुस्तकहरुको समीक्षा भएका छन् । बेग्लाबेग्लै मितिमा यी पुस्तकको विमोचन कार्यक्रम पनि गरिएको थियो ।

वार्षिक मिडिया जर्नल *मिडिया अध्ययन*को चौथो अंक (सन् २००९) यस आर्थिक वर्ष प्रकाशित भयो । जम्मा ३२४ पेजको यो जर्नलमा १८ जना लेखकका विभिन्न सामग्री छापिएको छ । जर्नलको यस अङ्कको संयोजन शेखर पराजुली, प्रत्यूष वन्त र देवराज हुमागाईले गर्नुभएको हो ।

मिडिया फेलोसिप २००८ पाएका ८ अनुसन्धाताले आफ्नो काम सकेर प्रतिवेदन तथा त्यसको आधारमा लेखिएको नेपाली लेख यस आर्थिक वर्षमा बुझाए । ती  मध्ये दुई जना (हरिकृष्ण डंगोल र दुबीनन्द ढकाल) को लेख मिडिया अध्ययन जर्नलको चौथो अंकमा छापिएको छ । बाँकी केहीको लेख अंक ५ मा छाप्ने योजना छ । मिडिया फेलोसिप २००९ का लागि आवेदन आह्वान गरिसकिएको छ । आ.व. २०६६/६७ मा ६ जना स्वतन्त्र अनुसन्धातालाई रु पचास हजारका दरले फेलोसिप प्रदान गर्ने योजना छ ।

मार्टिन चौतारीमा नियमित बिहिबारे छलफल शीर्षकअन्तर्गत चर्चा भैसक्यो । त्यस अतिरिक्त यसै परियोजनाअन्तर्गत थप कार्यक्रम गरिएका थिए । २०६६ बैशाख ३ मा मार्टिन चौतारीका साथीले नेपाली मिडियाबारे गरेका अनुसन्धान प्रस्तुतिको कार्यक्रम गरियो । त्यसैगरी २०६६ बैशाख २५ मा होटल मर्स्याङ्दीमा नेपाली मिडियामा क्रियाशील अभ्यासकर्मीको प्रस्तुतिको कार्यक्रम गरियो । एलाएन्स फर सोसल डायलगको आर्थिक सहयोगमा दुई कार्यक्रम सम्पन्न भए । रेडियो नेटवर्कबारेको एक छलफल मार्टिन चौतारीमा २०६५ भदौ १९ मा गरियो भने नेपाली टेलिभिजनबारेको छलफल २०६५ साउन २५ मा होटल माउन्टेनमा गरियो ।

डानिडाको आर्थिक सहयोगमा सञ्चालित यो परियोजनाअन्तर्गत मार्टिन चौतारीको ५ वर्षे रणनीति पत्र बनाउने कार्यक्रम पनि थियो । यस काम पनि सम्पन्न भयो । सेरा तामाङले यसको मस्यौदा तयार पार्नुभएको थियो जसलाई विभिन्न चरणमा चौतारीको कार्य समिति, साधारणसभा र कर्मचारीबाट प्राप्त सुझावका आधारमा परिमार्जन गरिएको थियो । यसै परियोजनाअन्तर्गत संविधानसभाको प्रक्रियाबारे नीतिपत्र (पलिसी ब्रीफ) पनि

बनाइयो । यस काम सेरा तामाङले नै गर्नु भएको थियो उहाँलाई कैलाश राई र प्रभाकर गौतमले सघाउनु भएको थियो । मिडिया अनुसन्धानका सदस्य कोमल भट्टले यस वर्षको अन्तदेखि चौतारी छोड्नु भयो ।

**६) राजनीति र मानवीय सुरक्षा**

**स्वास्थ्य र सुशाशन कार्यकम**

नर्वेजियन चर्च एडको सहयोगमा मार्टिन चौतारीले स्वास्थ्य र सुशाशन कार्यकम यस आर्थिक वर्ष (२०६५/६६) बाट शुरु भएको छ । हालैको आर्थिक वर्ष (२०६५/६६)मा यस कार्यक्रम अन्तर्गत दुईओटा अनुसन्धानात्मक रचना प्रकाशन गरिने योजना छ । प्रकाशित गरिनुपर्ने रचनाहरु दुइवटै अङ्ग्रेजीमा छन् । पहिलो अनुसन्धानात्मक रचनाको लेखन कार्य शुरु भएको छ । पहिलो अनुसन्धानात्मक रचना औषधीको वितरणको सेरोफेरोमा केन्द्रित हुने छ । यस कार्यकम अन्तर्गत हालसम्म ३ ओटा छलफल कार्यक्रम भएको छ र यसलाई क्रमश बढाउदै लगिने योजना छ ।

यसै एड अनुसार नेपाली सेना सम्बन्धी पुस्तक निकाल्ने कार्यक्रम ढिला भएपनि २०६६ भदौको अन्तसम्ममा पुस्तकको मस्यौदा आउने संभावना भएको कुरा उक्त पुस्तकका सम्पादक सुधिर शर्माले जानकारी दिएका थिए । त्यस कार्यक्रमलाई सघाउनको लागि साउन १ बिहीबार २०६५ मा नेपाली सेनाको रुपान्तरण : संभावना र चुनौती विषयमा छलफल कार्यक्रम भयो । त्यसपछि अरु कुनै कार्यक्रम हुन सकेन ।

**७) नेपालमा सामाजिक समावेशीकरणका मुद्दाहरु**

**सामाजिक समावेशीकरणका एजेण्डा**

यस कार्यक्रमअन्तर्गत भावी संविधानमा समेटिनुपर्ने विभिन्न जाति तथा समुदायका समावेशीकरणका मुद्दामाथि काठमाडौंमा पाँच ओटा छलफल आयोजना गरियो । जसमा समावेशीकरण ,दलित, जनजाति, महिला र मधेश सम्बन्धी विषय थिए । ESP द्वारा उपलब्ध आर्थिक सहयोगमा सन् २००७-२००८ मा सामाजिक समावेशीकरणका मुद्दामाथि देशका विभिन्न भागमा गरिएका नौ ओटा छलफलको निरन्तरताकै रूपमा यी पाँच ओटा छलफल अगष्ट २००८-डिसेम्बर २००८ भित्र सम्पन्न गरिएको थियो । मार्टिृन चौतारीमा भएका उक्त छलफल कार्यक्रमको मिति विषय र वक्ताबारे अनुसुचिमा दिइएको छ ।

**८) स्वास्थ्य, समाज र अर्थराजनीतिको कार्यक्रम**

स्वास्थ्य समाज र अर्थ राजनीतिसम्बन्धी कार्यक्रम इडनबरा विश्व विद्यालय (बेलायत), मार्टिन चौतारी (नेपाल) र स्वास्थ्य तथा सामाजिक न्याय केन्द्र (भारत) ले संयुक्त रुपमा सञ्चालन गर्दै आइरहेको हो । यो काम २००९ जनवरीदेखि सकियो । उक्त अवधीमा गरेका कामहरुलाई प्रतिवेदन तयार गरेर प्रकाशीत गर्ने योजना भएपनि यो काम हुन सकेको छैन । २००८को अगष्टमा मधुसुदन सुवेदीले यो परियोजना छोड्नु भयो । उहाँले छोडेपछि त्यस परियोजनाको सबै काम नविन रावलले हेर्नु भयो । त्यस अवधिमा यस परियोजना सम्बन्धी २ ओटा कार्यक्रम भए । २००९ अप्रिल ५ र ६ मा ललितपुरको होटल समिटमा यस कार्यक्रमबारे अन्तिम वर्कसप भएको थियो । यो परियोजनाको अधिकांश समय अन्तर्वार्ता लिने र त्यसलाई अनुवाद गर्ने काममा बित्यो । गतवर्ष लगभग २०० भन्दा बढी व्यक्तिसँग त्यस्तो अन्तर्वार्ता लिइएको थियो । लिइएका अन्तर्वार्ताहरुलाई कम्प्यूटर सफ्टवेयरको गुणात्मक तथ्याङ्क विश्लेषण प्रोग्राममार्फत विश्लेषण गरियो । यसरी तयार भएका लेखहरुलाई अनकुल मिलाएर प्रकाशित गरीनेछ ।

**९) उच्च शिक्षाका कार्यक्रम**

शिक्षा सम्बन्धी कार्यक्रम तथा उपलब्धीहरु

१. 'नेपालको उच्च शिक्षामा सीमान्तकृत समूहको पहुँच कसरी बढाउने' कार्यक्रम

- फोर्ड फाउन्डेसनको सहयोगमा सन् २००८ फेब्रुअरीदेखि २०१० जनवरीसम्म २ वर्षको अबधिका लागि नेपालको उच्च शिक्षामा सीमान्तकृत समूह (महिला, दलित, जनजाति, मधेसी) को पहुँच कसरी बढाउने नामक कार्यक्रम संचालन भइरहेको छ । यो कार्यक्रम प्रमोद भट्टको संयोजकत्वमा चलिरहेको छ । यस कार्यक्रमको पहिलो चरण अन्तर्गत वि.सं. २०६५ को कार्तिक सम्ममा उच्च शिक्षामा जातीय सहभागिता

सम्बन्धी अनुसन्धान पूरा भएको छ। यो  अनुसन्धानको मुख्य उद्देश्य महिला, दलित, जनजाति, मधेसी तथा मुसलमान समुदायको उच्च शिक्षामा प्रतिनिधित्व कस्तो छ भनी अध्ययन गर्नु रहेको थियो। अध्ययन अनुसन्धानको काममा लीला अधिकारी, रमेश राई, मन कु. ठाडा संलग्न हुनुहुन्थ्यो। अध्ययन अनुसन्धानका नतिजाहरु विभिन्न चरणमा सार्वजनिक भइसकेका छन्। यस अनुसन्धानका आधारमा लेखिएको एउटा लेख *स्टडीज् इन् नेपाली हिस्ट्री एण्ड सोसाइटी* नामक जर्नलको आगामी अंकमा प्रकाशित हुँदैछ भने यसको सारांश *नेपाल* साप्ताहिक पत्रिकाको बर्ष ९ अंक २७ मा प्रकाशित भएको थियो।

- कार्यक्रमको दोस्रो चरण अन्तर्गत सन् २००९ को जनवरी महिनादेखि जम्मा १४ व्यक्तिलाई (हाल १२ जना मात्र) १ बर्ष अवधिको अनुसन्धान फेलोशीप प्रदान गरिएको छ। यस अन्तर्गत जनवरीदेखि अप्रिलसम्म *स्टडीज् एण्ड रिसर्च इन् डाइभर्सिटी एण्ड प्ल्यूरालिज्म्* नामक विषयको पढाई भएको छ भने मे महिनादेखि अनुसन्धान फेलोहरुले उच्च शिक्षामा सीमान्तकृत समूहको पहुँचसँग सम्बन्धित् विभिन्न बिषयहरुमा मार्टिन चौतारीले तोकेका मेन्टरहरुको निर्देशनमा अनुसन्धान गरिरहेका छन्। यो कार्य सन् २००९ को डिसेम्बरमा सम्पन्न हुनेछ।

२. शिक्षा सम्बन्धी छलफल

- सन् २००८ को सेप्टेम्बर महिनादेखि हरेक महिनामा १ पटक शिक्षा सम्बन्धी छलफल कार्यक्रम आयोजना गरिदै आएको छ (हेर्नुहोस अनुसूची)।
- शिक्षा संजाल (Education Network) सँग सहकार्य गरेर हरेक महिनामा एउटा शिक्षा सम्बन्धी छलफल हुँदै आएको छ।
- सामाजिक संवादका लागि सहकार्य (Alliance for Social Dialogue) सँग सहकार्य गरेर ‘संघीयता तथा राज्य पुनःसंरचनाको सन्दर्भमा शिक्षाको पुनःसंरचना’ बिषयमा हालसम्म दुईवटा कार्यशाला गोष्ठीहरु समापन भैसकेका छन्।

१०) अन्य कार्य

- मार्टिन चौतारी तथा The New School University, New York बीच सहकार्य बढाउने उद्देश्यले सन् २००९ को जुन तथा जुलाई महिनामा सो विश्वविद्यालयका स्नातकोत्तर विद्यार्थीहरुका लागि ४ वटा अन्तर्क्रिया कार्यक्रमहरुको आयोजना गरिएको थियो।
- चौतारीले यसै वर्ष आफ्नो रणनीति पत्र पनि बनाएको छ।
- मार्टिन चौतारीको पुस्तक विभिन्न विक्रेताकहाँ पुऱ्याउने काम सुरुआतदेखि नै मार्टिन चौतारीबाटै हुँदै आएको थियो। तर यस काम प्रभावकारी ढंगले हुन सकेको थिएन। खास गरी बिक्रि भइसकेको पुस्तकको रकम उठाउने काममा चौतारी कमजोर देखिएको थियो। पुस्तकको संख्यामा आएको वृद्धिसँगसँगै यो समस्या झन् बढ्दै थियो। बिक्रिका लागि वितरक खोज्ने कुरा बेलाबेलामा उठ्ने गरे पनि त्यसो हुन सकेको थिएन। अन्ततः २०६५ कात्तिक १६ देखि पुस्तक बिक्रिको काम हिमाल किताबमार्फत हुँदै आएको छ।
- मार्टिन चौतारी र  घरधनीसँगको पुरानो सम्झौता २०६५ चैतदेखि सकिएकाले आगामी पाँच वर्ष (बिं सं २०७० सम्म) का लागि नयाँ सम्झौता गरियो।
- चौतारीका कर्मचारीको कार्यकौशल मूल्यांकन गर्ने हेतुले २०६६ बैशाखमा चारमहिनाको अवधि तोकी मूल्याकंन प्रक्रिया अघि बढाइएको थियो। मूल्यांकनमार्फत कमजोरी र सबल पक्ष औंल्याउँदै आगामी दिनमा कमजोरी हटाउने प्रक्रिया थालनी गरियो।
- डानिडा हुगोले मार्टिन चौतारीलाई दीर्घकालीन सहयोग गर्ने इच्छा देखाएको थियो र मार्टिन चौतारीले पाँच वर्षे रणनीति पत्र तयार गऱ्यो। त्यसपछि विभिन्न दाताहरुसँग सामूहिक बैठक गरिएको थियो। यसपछि डानिडा हुगोले मार्टिन चौतारीलाई चारवर्षका लागि रु ४ करोड ६० लाख दिने भएको छ।
- युएनडिपीको आर्थिक सहयोगमा एक दिने वातावरणिय परिवर्तनबारे आधादिने कार्यक्रम पनि भयो।

**११) कार्य समिति**

२०६५/६६ को लागि  मार्टिन चौतारीको कार्यसमिति यस प्रकार रहेको छ।

| | |
|---|---|
| अध्यक्षः | सेरा तामाङ |
| सचिवः | प्रत्यूष वन्त |
| कोषाध्यक्षः | सिर्जना सुब्बा |
| सदस्यः | बसन्त रञ्जितकार, धर्म स्वर्णकार, संगीता पाण्डे र मधुसुधन सुवेदी |